नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(मानव संसाधन योजना शाखा)

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- २०८२/८३

चलानी नं.:- ८८

मितिः २०८२/५/०४

श्री सेवा, समूह, उपसमूह सञ्चालन गर्ने मन्त्रालय सवै,
श्री महालेखा परीक्षकको कार्यालय,
श्री महालेखा नियन्त्रकको कार्यालय,

**विषयः माग आकृति फाराम पठाउने सम्बन्धमा ।**

लोक सेवा आयोगको स्वीकृत वार्षिक कार्यतालिका अनुसार आ.व. २०८२/८३ मा रिक्त निजामती सेवाका पदहरुको पूर्ति गर्ने प्रयोजनका लागि तहाँ मन्त्रालय/निकायले सञ्चालन गर्ने सेवा, समूह, उपसमूह अन्तर्गत विभिन्न निकायमा रहेका रा.प. प्रथम र द्वितीय श्रेणी (प्राविधिक/अप्राविधिक)का रिक्त पदहरुको विवरण खुल्ने माग आकृति फाराम तपसिल अनुसारको ढाँचामा भरी पछिसम्म फरक नपर्ने गरी मिति २०८२ भाद्र २० गते भित्र उपलब्ध गराई दिनुहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०८२/०५/०४ को निर्णयानुसार अनुरोध छ। साथै, यसरी माग आकृति फाराम पठाउँदा नेपाल सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत भई राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता भएका पदहरुलाई मात्र समावेश गर्न र किताबखानाको अद्यावधिक विवरणसँग भिडाउन एवम् आफ्नो सेवा समूह उपसमूहका पदहरु अन्य निकायमा कार्यरत रहेको भए सो समेत समावेश गरी मन्त्रालयको इमेल ठेगाना hrd.mofaga@gmail.com मार्फत समेत अनिवार्य रुपमा पठाउनु हुन अनुरोध छ ।

**तपसिलः**

| क.सं | सेवा | समूह/ उपसमूह | श्रेणी | पद | कुल स्वीकृत दरबन्दी | कार्यरत संख्या | रिक्त संख्या | | | जम्मा रिक्त पद | माग संख्या | अवकाश, राजीनामा, कारवाहीमा परी रिक्त हुनेहरुको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बढुवा | अवकाश | अन्य | | | नाम थर | मिति | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | | | | | | | | | | | | |

**संलग्न गर्नु पर्ने कागजातहरुः**

- पद रिक्त भएको कारण सम्बन्धी प्रमाणित कागजात (अवकाश पत्र, बढुवा/नियुक्ति पत्र, दरबन्दी सृजनाको निर्णय, राजीनमा स्वीकृतिको पत्र र पद दर्ताको प्रमाण पत्र)
- निजामती सेवा ऐन, २०४९ को दफा ७(क) को उपदफा (३) बमोजिम चालु आ.व. मा अवकाश तथा बढुवाबाट रिक्त हुने पदको समेत गणना गरी मग आकृति फारम पठाउँदा सोको पुष्ट्याईंका आधार र प्रमाणित गर्ने सम्पूर्ण कागजातहरु।
- रा.प. प्रथम श्रेणीका रिक्त पदहरुको विवरण सम्बन्धित निकायको विशिष्ट श्रेणी (सचिव) बाट सेवा, समूह र उपसमूह अनुसार छुट्टाछुट्टै पानामा प्रमाणित गराई पठाउनु पर्नेछ ।

*नोटः माग आकृति तयारी सम्बन्धी कार्यविधि, २०७७ का व्यवस्थाहरुलाई दृष्टिगत गरी निर्धारित समयमानै माग आकृति फाराम पठाउनु हुन।*
*नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम सेवा, समूह, उपसमूह सञ्चालन गर्ने मन्त्रालयको सूची यसै साथ संलग्न छ।*

..................
(नमराज वाग्ले)
शाखा अधिकृत

| क.सं. | मन्त्रालय | संञ्चालन गर्ने सेवा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल न्याय सेवा/सरकारी वकिल समूह |
| २ | अर्थ मन्त्रालय | नेपाल लेखापरीक्षण सेवा/ |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल इन्जिनियरिङ्ग सेवा/माइनिङ्, केमिकल, मेटालर्जिकल, मेट्रोलजी, जियोलजी र केमेष्ट्री समूह |
| ४ | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | नेपाल इन्जिनियरिङ्ग सेवा/इलेक्ट्रिकल इन्जिनियरिङ्, मेकानिकल इन्जिनियरिङ, मेटेरियोलजी, एगृ इरिगेशन इन्जिनियरिङ् समूह<br>नेपाल इन्जिनियरिकङ् सेवा/सिभिल इन्जिनियरिङ समूह/ इरिगेशन, हाइड्रोपावर, हाइड्रोलजी उपसमूह |
| ५ | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा/न्याय र कानून समूह |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल कृषि सेवा |
| ७ | खानेपानी मन्त्रालय | नेपाल इन्जिनियरिङ सेवा/सिभिल इन्जिनियरिङ् समूह/स्यानेटरी उपसमूह |
| ८ | गृह मन्त्रालय | |
| ९ | परराष्ट्र मन्त्रालय | नेपाल परराष्ट्र सेवा |
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल इन्जिनियरिङ/सर्भे समूह |
| ११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल इन्जिनियरिङ/सिभिल इन्जिनियरिङ् समूह/ हाइवे र रेलवे उपसमूह |
| १२ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | |
| १३ | युवा तथा खेलकुद मन्त्रालय | |
| १४ | रक्षा मन्त्रालय | |
| १५ | वन तथा वातावरण मन्त्रालय | नेपाल वन सेवा |
| १६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल शिक्षा सेवा (आर्कियीलजी समूह बाहेक) |
| १७ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | |
| १८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल शिक्षा सेवा/आर्कियीलजी समूह<br>नेपाल इन्जिनियरिङ सेवा/सिभिल इन्जिनियरिङ समूह/एअरपोर्ट उपसमूह<br>नेपाल इन्जिनियरिङ सेवा/एरोनटिकल समूह<br>नेपाल इन्जिनियरिङ सेवा/सिभिल एभिएसन अपरेसन एण्ड इन्जिनियरिङ्ग समूह |
| १९ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल प्रशासन सेवा<br>नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा<br>नेपाल विविध सेवा<br>नेपला इन्जिनियरिङ् सेवा/सिभिल इन्जिनियरिङ्ग समूह/जनरल उपसमूह |
| २० | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल इन्जिनियरिङ् सेवा/इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ समूह |
| २१ | सहरी विकास मन्त्रालय | नेपाल इन्जिनियरिङ् सेवा/सिभिल इन्जिनियरिङ समूह/बिल्डिङ एण्ड आर्किटेक्ट उपसमूह |
| २२ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल स्वास्थ्य सेवा |